**TILOTTAMA SECONDARY SCHOOL**
**Assignment-2077 (2020)**

**Subject: Nepali** Full Marks: 100
Grade: XII Pass Marks: 35
Time: 3 hrs

*Candidates are required to give their answer in their own words as far as practicable. The figures in the margin indicate full marks.*

**१. कुनै एक प्रश्नको उत्तर दिनु होस्:** ५

**क) तलका वर्णहरूको उच्चारण स्थान र प्रयत्न लेख्नुहोस् :**

ङ, च्, फ्, य्, र्

**ख) तल दिइएका शब्दहरूको अक्षर संरचना र सङ्ख्यासमेत देखाउनुहोस् :**

आँट, विषय, सिमसिम, आज्ञाकारी, महाकाव्यकार ।

**२. शुद्ध गरी सार्नुहोस् :** ५

विद्यार्थीको पर्मुख उद्देश्य सिक्षा आर्जन हो तापनी ऊ कितापको कीरो मात्र नबनि समाजको एथार्थ रूपमा ग्यान राख्ने सछम व्यक्ति पनि बन्न सक्नु पर्छ ।

**३. रेखाङ्किन पदहरूको शव्दवर्ग छुट्याउनुहोस्:** ३

<u>पाठशालाको</u> क्लास । दर्शकको बायाँपट्टि गुरु बस्ने टेबुल <u>र</u> मेच छ, <u>सामुन्ने</u> म्याप र <u>ब्ल्याकबोर्ड</u> झुण्डाइएको छ, दायाँ<u>पट्टि</u> लडकाहरू बस्ने बेन्चहरू <u>छन् ।</u>

**४. तलको अनुच्छेद पढी दुईवटा तत्सम शव्द र दुईवटा आगन्तुक शव्दहरू खोजेर लेख्नुहोस्:** २

सहनशील मान्छे क्षमाशील हुन्छ । बेइमान र बदनियत भएकाहरूले कसैको भलाइ चिताउँदैनन् । सहर बजारमा अपराध र गुन्डागर्दी गरेर सानदार जीवन बाँच्न खोज्नु भन्दा त फाटेको भोटो र कमिजमा रमाउनु उपयुक्त हो ।

**५. तलका कुनै दुई प्रश्नहरूको उत्तर लेख्नु होस्:** ६

**क) तलको अनुच्छेदबाट तीनओटा उपसर्ग व्युत्पन्न शब्द र तीनओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नुहोस् :**

निराश मनले होइन, उत्साहका साथ गाउँलेले तात्कालिक परिस्थितिको अवलोकन गरे । जैविक विविधतामा धनी नेपालको राष्ट्रिय गरिमा उचाइमा पुऱ्याउने आफ्नो अभीष्ट उनीहरूले व्यक्त गरे ।

**ख) तलको अनुच्छेदबाट तीनओटा समस्त शब्द र तीनओटा द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दका मूल अंश छुट्याउनुहोस्:**

हामीहरू सानातिना झैंझगडामा अल्मलिनु हुँदैन । आआफ्नो कर्तव्य पूरा गरी मिलिजुली बस्नुपर्दछ । तनमनधन दिएर देश विकास गर्नुपर्दछ । देशहितलाई सर्वोपरि ठानेर दिलोज्यानले कर्म गर्न पछि हट्नु हुँदैन । मेरोतेरो भन्ने भेदभावबाट मुक्त हुनुपर्दछ ।

**ग) तलको अनुच्छेदबाट ६ वटा सन्धियुक्त व्युत्पन्न शव्द छानेर तिनको सन्धिविच्छेद गर्नुहोस्:**

सूर्योदयको दृश्यावलोकन गर्न कतिपय पर्यटकहरू उन्मुक्त भएर हस्याङफस्याङ गर्दै नगरकोट पुग्छन् । आआफ्ना वैयक्तिक मनोकाङ्क्षा सबैका हुन्छन् । नेपाली डाँडाकाँडाको प्राकृतिक सौन्दर्य बचाउन र पर्यटक लोभ्याउन वनजङ्गलको कटान फँडानी रोक्नुपर्छ ।

**६. कुनै एक प्रश्नको उत्तर दिनु होस्:** ५

**क) वाक्य ढाँचासहित सामान्य आदरमा परिवर्तन गर्नुहोस् :**

ऊ निकै मीठामीठा गीतहरू रच्छ । ऊ आफूले रचेका गीतहरू आफैं गाउँछ । उसमा गीत गाउन सक्ने अद्भुत क्षमता छ । ऊ आफ्नो गीतबाट सबैलाई मन्त्रमुग्ध बनाइदिन्छ । ऊ देशकै चर्चित गीतकार हुनाका साथै गायक पनि हो ।

**क) तलका वाक्यहरूलाई एकवचनमा फेरी अन्य आवश्यक परिवर्तन पनि गर्नुहोस् :**

मेरा साथीहरु फुटबल खेल्छन् । उनीहरु फुटवल खेल्न देश विदेश डुल्छन् । अहिले उनीहरु विदेश गएका छन् । उनीहरुले त्यहाँ आफ्नो प्रतिभा देखाउनेछन् । उनीहरु स्वदेश फर्किनेछन् ।

**७. कुनै एक प्रश्नको उत्तर दिनुहोस्:** ६

क) ले, लाई, द्वारा, लागि, देखि र मा विभक्तिको प्रयोग गरी छ वाक्यमा कुनै घटनाको वर्णन गर्नुहोस् ।

**ख) तलको अनुच्छेदका वाक्यलाई सङ्गति मिलाई पुर्नलेखन गर्नुहोस्:**

मेरो साथीहरू विद्यालय आएको छ । उनीहरूले नेपाली किताब ल्याएको छ । म र ऊहरू मिलेर बस्छ । केही साथीहरू हामीसँगै बस्छिन् । शिक्षकहरू हामीलाई माया गर्छ । हामीहरूले विद्यालयको अनुशासन पालना गरेको छ ।

**८. तलका कुनै दुबै प्रश्नको उत्तर दिनु होस् ।** ८

**क) तलका जटिल वाक्यलाई आठओटा सरल वाक्यमा परिवर्तन गर्नुहोस् ।**

अष्टनारानको परिवार गरिब किसान थियो भने गोदत्तप्रसाद डाक्टर थियो । गोदत्तप्रसादले अष्टनारानको परिवारलाई त्यसै सहयोग गरेको थिएन किनभने ऊ नानीथकुँसँग वासनात्मक प्रेम गर्दथ्यो । नानीथकुँले जतिखेर सबै थोक गुमाइसकेकी थिई त्यतिखेर उसको होस खुलेको थियो । ढिलो भइसकेको थियो तर पनि शिवनारानले नानीथकुँको जीवन बर्बाद हुनबाट बचाए ।

**ख) तलका अनुच्छेदका वाक्यलाई अप्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् ।**

रमेश - "तिम्रो स्वास्थ्य सुधार होओस् ।" गीता-"म चारदिनदेखि बिरामी थिएँ ?"
रमेश-"सधैँ तिमी स्वस्थ भएको देखि रहन पाऊँ ।" गीता-"धन्यवाद !"

**ग) तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस्:**

विश्वमा शक्ति राष्ट्रहरू बढ्दै छन् । उनीहरूको व्यक्तिगत स्वार्थले विश्व तहसनहस बन्नेछ । साना देशहरू घुन पिसाइमा परेका छन् । यो कुरा सबैले बुझ्नु जरुरी छ ।

**९. तलको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस्:** १०

जीवको विकासमा विभिन्न तरिकाले सुधारहरू हुँदै आए, सर्वप्रथम हड्डी नभएका जनावरहरू थिए तर तिनीहरू लामो समयसम्म बाँच्न सक्दैनथे तसर्थ हड्डीको विकास भयो । तिनीहरूको सबैभन्दा पहिले ढाडको हड्डी विकास भयो । हामीले जनावरलाई विभाजन गरेका

छौं - हड्डी भएको र हड्डी नभएको जनावर। मानिस र जनावर जुन तिमी वरिपरि देख्छौ, तिनीहरू वास्तवमै हड्डी भएका प्राणी हुन्। तिमीले साधारण जनावर देखेका छौ, जस्तैः माछा, जसले फुल पार्छ र त्यत्तिकै छोडिदिन्छ। तिनीहरूले एक पटकमा हजारौँ फुलहरू पार्छन्। फुलको सुरक्षा नगर्ने हुनाले तिनीहरूका धेरै जसो फुलहरू नष्ट हुन्छन् वा अन्य प्राणीले खाइ दिन्छन्ः केही मात्र माछाका रुपमा पैदा हुन्छन् तर हामीले केही विकसित जनावरलाई परीक्षण गरेको खण्डमा तिनीहरूले थोरै बच्चा पैदा गरेको भएतापनि राम्ररी हेरचाह गरेको पाउँछौँ। कुखुराको पोथीले पनि फुल पार्छ। पोथीले फुललाई शरीरले छोप्छ। यसरी चल्लाको जन्म हुन्छ। चल्ला उत्पादन गरी सकेपछि त्यसलाई केही समयसम्म खानेकुरा खुवाउँछ। जब चल्ला ठूलो हुन्छ तब मात्र पोथीले हेरचाह गर्न छोड्छ। स्तनधारी जनावरहरूले फुल पार्दैनन् तर तिनीहरूले फुल आफ्नो शरीरभित्रै राख्छन् र एउटा विकसित बच्चालाई जन्म दिन्छन्। कुकुर, बिरालो, खरायो आदिलाई उदाहरणका रुपमा लिन सकिन्छ। बच्चालाई जन्म दिएपछि यिनीहरूले दूध चुसाउँछन्। यसरी आमाले बच्चालाई राम्ररी स्याहार सुसार गर्छन्।

**प्रश्नहरूः**

क) हड्डीको विकास कसरी भयो ?

ख) माछाका धेरैजसो फुलहरू कसरी नष्ट हुन्छन् ?

ग) कुखुराको पोथीले कसरी चल्ला जन्माउँछ ?

घ) स्तनधारी जनावरका आमाले बच्चाको स्याहार सुसार कसरी गर्छन् ?

ङ) 'स्तनधारी' र 'परीक्षण' शब्दको अर्थ लेख्नुहोस्।

**१०. प्रश्न नं. ९ को अनुच्छेदलाई एक तृतीयांशमा सङ्क्षेपीकरण गर्नुहोस्। ५**

**११. कुनै एक प्रश्नको उत्तर दिनुहोस्। ५**

क) तपाईंको लब्धाङ्क पत्रमा नाम गल्ती भएकाले सच्चाइदिन अनुरोध गर्दै राष्ट्रिय परीक्षा बोर्डलाई निवेदन लेख्नुहोस्।

ख) प्रश्रित प्रतिष्ठान नेपालले आयोजना गरेको बहुभाषी कविगोष्ठीमा गाउँपालिका अध्यक्षलाई प्रमुख अतिथिका रुपमा बोलाउँदा पठाइने निमन्त्रणा पत्रको नमुना बनाउनुहोस्।

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस्। ५**

**शैक्षिक बेरोजगार** शीर्षकमा १५० शब्दसम्मको टिप्पणी तयार पार्नुहोस्।

*अथवा*

आफ्नो विद्यालयमा सम्पन्न वार्षिक उत्सवका कार्यक्रमका सबै कुरा समेटी १५० शब्दसम्मको एउटा प्रतिवेदन तयार पार्नुहोस्।

**१३. तल दिइएका मध्ये कुनै एक शीर्षकमा ३०० शब्दमा एउटा निबन्ध लेख्नुहोस्ः १०**

क) हाम्रो संस्कृति हाम्रो पहिचान

ख) सूचना प्रविधिको विकास

ग) शान्ति, विकास र समृद्धि

**१४. "बहुलाकाजी" नाटकको तलको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस्। १०**

"....कसैले बिराएको हैन भक्ते ! हामीले गरिबीलाई सहनु नै बिराउनु थियो । महापाप थियो । मुक्ति, यसबाट मुक्त भएपछि मात्र । देखि हाल्यौ, बिरेको बुद्धिलाई, बिरेको शरीरलाई गरिबीको किराले खियाएको । त्यसको त्यत्रो बुद्धि, त्यत्रो मगज, त्यत्रो गिदी, त्यत्रो भव्य सपना गरिबीको क्रूर निसानाको चकनाचुर भयो । ........बुझ्यौ भाइ ! आज, मैले नयाँ कुरा सिकैं, नयाँ कुरो थाहा पाएँ। अब म नयाँ बाटो बनाउँछु, नयाँ बाटो। यस किसिमले भएन । बिरेलाई बनाउन खोजें, त्यसलाई भोकले, अन्यायले, गरिबीले खोसेर लगि हाल्यो, चुँडालि हाल्यो, मेरो सपना ! बिरे !"

**प्रश्नहरूः**

क) माथिको अनुच्छेदका आधारमा 'बौलाहा काजीको सपना' नाटकले नेपाली समाजको कस्तो यथार्थलाई प्रस्तुत गरेको छ ?

ख) बौलाहाकाजीले 'चुँडालि हाल्यो, मेरो सपना !......' भनेर कुन कुरालाई सङ्केत गरेको छ ? नाटकको शीर्षकसँग काजीको सपनाको सम्बन्ध प्रस्ट पार्नुहोस्।

**१५. कुनै दुई प्रश्नको उत्तर दिनुहोस्ः २×५=१०**

**क) तलको कवितांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस्।**

आजको सत्तारुढ तिमी<br>
शताब्दी, शताब्दी अघि तिमी<br>
झगडालु, ईर्ष्यालु वन मानुष तिमीलाई<br>
माया र सह अस्तित्वको अँगालोमा बाँधी<br>
आफ्नो ओडारको छानोमुनि भित्र्याएकी थिएँ<br>
जसरी आज तिमी<br>
दाइजोको लावालस्करसँग घुम्टो भित्र लुकई<br>
पशुलाई जस्तो रुवाउँदै भित्र्याउने गर्छौ।

**प्रश्नहरू**

अ) कवितांशका 'आजको सत्तारुढ तिमी' भनेर कसले कसलाई सङ्केत गरेको हो ?

आ) शताब्दी अघि 'तिमी' किन झगडालु र ईर्ष्यालु भएका थिए ?

इ) 'झगडालु' र 'ईर्ष्यालु' स्वभावलाई कस्तो स्वभावले जितेको थियो ?

ई) कवितांशमा दाइजोका लावालस्करसँग कसले कसलाई भित्र्याउने गर्छ ?

उ) यस कवितांशको मुख्य आशय के हो ?

**ख) तलको निबन्धांश पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस्ः**

नोटको भाउ बढेको भए तापनि आजकल भलादमीपन सस्तो मोलमा पाइन्छ । भलादमीपनलाई सूचीकार र मारवाडीले बिक्री गरिरहेछन्। तिमी भलादमी बन्न चाहन्छौ भने सिधासाधा मानिसको कोरापनलाई दर्जीकहाँ गएर काटछाँट गरी माग । दुई चार रुपियाँ बढाइदेऊ, तब तिमी कुँदिएको पानीदार हीरा बन्दछौ, छाँट मिलेको कोट पहिरेर, एक छरितो छडी घुमाएर, सडकमा टल्ने जुत्ताको चुरुमचुरुम आवाजमा फुर्तिलो कदम बढाऊ तब गल्लीको कुकुरले पनि तिमीलाई चिन्दछ । तिम्रो भलादमीपन स्वीकार गरेर तिमीउपर भुक्न आउँदैन । चोरीको शङ्काले सम्बोधन गर्नु भलादमीको अपमान हो भन्ने उसले पनि जानेको

छ । सफलता जस्तो हौसला दिने केही छैन । तिमी झन् फुर्तिलो कदम बढाउँछौ । समाजमा तिम्रो भलादमीपनलाई 'हजुर'ले गजुर लगाउँछ । जति काँट छाँटिएको हुन्छ, उति फुर्ती लम्बिएको हुन्छ । त्यसमा चस्मा चढायौ भने त बिचरो दुनियाँ तिम्रा नजरको के सामना गरोस् ।

**प्रश्नहरू**

१. अचेल भलादमी बन्न बसरी सकिन्छ ?
२. कस्तो पोसाक लगाउँदा गल्लीका कुकुरले हामीलाई भुक्दैन ?
३. भलादमीपनलाई 'हजुर' ले गजुर लगाउँछ भन्नुको तात्पर्य के हो ?
४. लेखकको भलादमी बन्ने उपाय तपाईंलाई कस्तो लाग्यो ?
५. आधुनिक भलादमीलाई लेखकले कस्तो व्यङ्ग्य गरेका छन् ?

**क) दिइएका कथांश पढी अन्त्यमा सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

घटनालाई बिर्सने प्रयत्न गर्दै कृष्ण राय निदाउने निहुँले बिछ्यौनामा बुङ्ग लडे । शत्रुताको पनि कस्तो व्यापक सम्बन्ध रहेछ ? दुनियाँमा कोही पनि मित्र हुँदैनन् सबै शत्रु, सबै बैरी नै हुन्छन् । कसले भन्छ अकारण नै कोही शत्रु हुँदैन ? मानेँ, अकारण कोही कसैको शत्रु हुँदैन, तर झगडाको निहुँ कति सजिलै पाइन्छ ? कृष्ण रायले धेरैसँग सङ्गत गरेनन्, तर जतिसँग गरे सबैलाई तिनीसँग बाप वैरी साध्ने कुनै न कुनै निहुँ दिए । कस्तो अचम्म, निर्दोष कुरामा पनि विषालु साँप जस्तो वैरी बनाउने साधन लुकिरहेको देखिन्छ ।

**प्रश्नहरू:**

अ) कृष्ण रायलाई सबै शत्रु हुन्छन् भन्ने किन लागेको हो ?
आ) शत्रु पैदा हुनका लागि के चाहिन्छ ?
इ) कृष्ण रायले शत्रुका सम्बन्धमा कस्तो दृष्टिकोण लिएका छन् ?
ई) "निर्दोष कुरामा पनि विषालु साँपजस्तो बैरी बनाउने साधन लुकि रहेको देखिन्छ" भन्नाको तात्पर्य के हो ?
उ) उपर्युक्त अनुच्छेदमा कृष्ण रायको कस्तो मानसिकताको चित्रण गरिएको छ ?

**१६ मधुमालतीको कथाको बालपात्र शङ्करप्रति गौरीको फुपूको व्यवहार तपाईंलाई कस्तो लाग्यो ? प्रतिक्रिया दिनुहोस् ।** ५